# उपकार बचत तथा ऋण सहकारी संस्था लि. को

३१ औं बार्षिक साधारण सभामा सञ्चालक समितिको
तर्फबाट संस्थाका सचिव श्री तुल्सी कृष्ण छुँजूबाट
प्रस्तुत बार्षिक प्रतिवेदन २०८२


तुल्सी कृष्ण छुँजू

**सभाका सभाध्यक्ष महोदय,**
**संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति**
**विभिन्न उप-समितिका साथीहरु एवं**
**आदरणीय सदस्य महानुभावहरु,**

**संस्थाको बार्षिक साधारण सभा प्रत्येक वर्ष एकै मितिमा गर्ने घोषित नीति अनुसार संस्थाको बार्षिक साधारण सभा केही वर्ष घटस्थापनाको दिन, केही वर्ष ईन्द्रजात्राको दिनमा गर्दै आएकोमा केही वर्ष अघि नेपाल सरकारले घटस्थापना र ईन्द्र जात्रामा विदा हटाएको कारण संस्थाको २८ औं बार्षिक साधारण सभा देखि संविधान दिवसका दिन अर्थात् असोज ३ गते बार्षिक साधारण सभा गर्दै आएको छ । तसर्थ संस्थाको ३१ औं बार्षिक साधारण सभा पनि आज मिति २०८२ असोज ३ गते यही स्थानमा नै हुन गई रहेको छ ।**

**सहकारी क्षेत्रमा देखिएको समस्यालाई समाधानका लागि भन्दै सरकारले सहकारी ऐन समेत संशोधन गरेको छ । नेपाल सरकारले अध्यादेश मार्फत केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेश संसदबाट पारित गराई सहकारी क्षेत्र, त्यस माथि पनि बचत तथा ऋण सहकारी संस्थाहरुको अनुगमन, सुपरिवेक्षण गर्नका लागि छुट्टै निकाय गठन गरेको छ । भईरहेको सहकारी विकास बोर्डलाई विघटन गरी त्यसको सट्टा राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन गरी यसै मार्फत बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाहरुको अनुगमन सुपरिवेक्षणको कार्य गरिने भएको छ । सहकारी ऐन संशोधन भए पछि विभिन्न निकायहरुले सहकारी संघसंस्थाहरुलाई सुपरिवेक्षण कार्य गर्नका लागि निर्देशन, मापदण्डहरु जारी गर्ने क्रम पनि चलेको छ । सर्वप्रथम नेपाल राष्ट्र बैक, बैक तथा वित्तीय संस्था नियमन विभागबाट बै.वि.नि.वि./नीति/सूचना/१३/०८१/०८२ मिति २०८१ चैत्र २१ गते “बचत तथा ऋण कारोबार गर्ने सहकारी संस्थाहरुका लागि निर्देशन तथा मापदण्ड, २०८१” जारी गरेको थियो । त्यसै गरी हालै गठन भएको राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट मिति २०८२ जेष्ठ ९ गते “बचत तथा ऋणको मूख्य कारोबार गर्ने सहकारी संस्थाको सञ्चालन सम्बन्धमा जारी गरिएको नियामकीय मापदण्ड, २०८२” जारी भयो भने आर्थिक वर्ष २०८१/०८२ को अन्तिम दिन अर्थात् २०८२ असार ३२ गते संघीय सहकारी विभागबाट १०२ बुँदे “सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशन २०८२” जारी भएको छ । सहकारी क्षेत्रले त्यसै पनि असहज अवस्थाको सामना गरी रहेको अवस्थामा नियामक निकायहरुबाट जारी गरेको अलग अलग निर्देशन तथा मापदण्डले सहकारी क्षेत्रमा अन्यौलताको अवस्था सृजना भएको देखिन्छ । एकातिर जनस्तरले सहकारीलाई हेर्ने दृष्टिकोणमा सकारात्मक रुपमा परिवर्तन गर्न सकिएको छैन भने अर्को तर्फ नियामकहरुबाट एक पछि अर्को निर्देशन, मापदण्डहरु जारी हुदा यसको बुझाई र अभ्यासमा एक रुपता नहुदा सहकारी अभियान अन्यौलमा परेको छ । यस्तो अवस्थामा सहकारी संस्थाले आफ्नो गतिविधिहरु सञ्चालन गर्नु र निर्धारित लक्ष्य प्राप्त गर्नु चुनौतिपूर्ण बन्दै गएको छ ।**

**स्थानीय सरकार मध्यपुर थिमि नगरपालिकाले सहकारी क्षेत्रको व्यवस्थापन तथा नियमनका लागि २०७९ मा सहकारी ऐन र २०८० मा नियमावली जारी गरेको छ । मध्यपुर थिमि नगरपालिकाले जारी**

गरेको ऐन र नियमावलीमा सहकारी क्षेत्रको व्यवस्थापन र नियमनका लागि ऋण सूचना केन्द्र, कालो सूची सम्बन्धी व्यवस्था, ऋण असुली न्यायाधिकरण, सहकारी समन्वय समिति जस्ता विशेष व्यवस्थाहरु गरी उत्कृष्ट कानून बनाएको छ । यसका लागि मध्यपुर थिमि नगरपालिकालाई धन्यवाद ज्ञापन गर्न चाहन्छु । स्थानीय सहकारी ऐनमा भएका यी व्यवस्थाहरुलाई क्रमशः लागू गर्ने प्रयास गरेको देखिन्छ । गत आ.व. मा 'कालो सूची सम्बन्धी व्यवस्था कार्यान्वयन कार्यविधि २०८१', 'ऋण सूचना केन्द्र सञ्चालन कार्यविधि २०८१' पारित भएको जानकारी प्राप्त भएको छ । मध्यपुर थिमि नगरपालिकाले सहकारी क्षेत्रलाई विशेष प्राथमिकता दिई सहकारी ऐनमा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्दै सहकारी संस्थाहरुको विकास र प्रवर्द्धनका लागि थप कार्यक्रमहरु सञ्चालन गर्दै जाने आशा गरेको छु ।

गत आ.व. सहकारी अभियानका लागि दुखद वर्ष रह्यो । नेपालको सहकारी अभियानका निष्ठा र इमानका धरोहर, अग्रज अभिभावक, सहकारी अभियानका शिखर पुरुष, सहकारीविज्ञ, एवम् नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. का पूर्व अध्यक्ष कैलाश भक्त प्रधानाङ्गको मिति २०८१ फाल्गुण २३ गते निधन भयो । उहाँको निधनले सहकारी अभियानले एउटा सक्षम व्यक्तित्व र सहकारी क्षेत्रले एक सच्चा अभियन्ता गुमाएको छ । उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उहाँले देखाउनु भएको सहकारिताको बाटोमा सहकारी क्षेत्र, सहकारीकर्मी निरन्तर अगाडी बढ्ने अपेक्षा समेत गरेको छु ।

सभाध्यक्ष महोदय,

संस्थाको गत ३० औं बार्षिक साधारण सभाबाट पारित आ.व. २०८१/०८२ को बार्षिक कार्यक्रम तथा आयव्यय (बजेट) ले निर्धारण गरेको लक्ष्य र उक्त लक्ष्य प्राप्त गर्न संस्थाले गरेको प्रयास तथा भएको प्रगति सम्बन्धमा यहाँ संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

सर्वप्रथम गत आर्थिक वर्ष २०८१/०८२ को प्रगति प्रतिवेदन यस सम्मानीत साधारण सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

१. **३० औं बार्षिक साधारण सभा :**

संस्थाले २८ औं बार्षिक साधारण सभा देखि प्रत्येक वर्ष एउटै मितिमा अर्थात असोज ३ गते संविधान दिवसका दिन आफ्नो बार्षिक साधारण सभा गर्दै आएको छ । संस्थाको ३० औं बार्षिक साधारण सभा मिति २०८१ असोज ३ गते बिहिबार, (ने.सं. ११४४ ञँलागाः प्रतिपदा/दुतिया) संविधान दिवसका दिन नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. ( नेफ्स्कून) का अध्यक्ष श्री चन्द्र प्रसाद ढकालज्यूको प्रमुख आतिथ्यतामा न्यू एभरेष्ट पार्टी प्यालेसमा सम्पन्न भयो । संस्थाका अध्यक्ष श्री जयकृष्ण दुवालको अध्यक्षतामा भएको ३० औं बार्षिक साधारण सभामा स.नं. ३०१ का राजु तकोलाई वर्ष 'उत्कृष्ट सदस्य', सदस्यद्वय स.नं. २८२ का केदार पोखरेल र स.नं. १६१७ का अलिना कपालीलाई 'उत्कृष्ट बचतकर्ता', सदस्यद्वय स.नं. २२७२ का कमला लामिछाने र स.नं. ४२५८ का रोशन बाडेलाई 'उत्कृष्ट ऋणी सदस्य' सम्मानबाट सम्मानीत गरिएको थियो ।

त्यसै गरी यस क्षेत्रको संस्कृति संरक्षणमा उल्लेखनीय योगदान पुऱ्याउनु हुने गुरुहरुको पनि सम्मान गरिएको थियो । मध्यपुर थिमि नगरको प्रसिद्ध साँस्कृतिक नाच 'महाकाली गण नाच' सफलता पूर्वक प्रदर्शन गरी यस क्षेत्रको साँस्कृतिक संरक्षणमा महत्वपूर्ण योगदानको कदर स्वरुप नृत्यनाथ बासुरी खलःका गुरुका साथै साँस्कृतिक एवम् धार्मिक पर्व 'गुँला पर्व' ने.सं. ११४४

**दिलागाः औसी देखि ञँलाथ्वः प्रतिपदासम्म एक महिना भर सफलतापूर्वक सम्पन्न गरी यस क्षेत्रको साँस्कृतिक संरक्षणमा महत्वपूर्ण योगदानको कदर स्वरुप श्री सिद्धि गणेद्यो दाफा भजन खलःका गुरुको समेत सम्मान गरिएको थियो ।**

**३० औं बार्षिक साधारण सभाको उद्घाटन समारोहमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) का पूर्व अध्यक्ष एवं सहकारी विद् हाल स्व. श्री कैलाश भक्त प्रधानाङ्ग, जिल्ला सहकारी संघ लि., भक्तपुरका सचिव श्री राम प्रसाद कासुला, भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.का उपाध्यक्ष श्री हरि बल्ल, संस्थाका संस्थापक अध्यक्ष एवं सल्लाहकार श्री कृष्ण बहादुर घःजु, कानूनी सल्लाहकार श्री विरेन्द्र भक्त प्रधानाङ्ग लगायतका अतिथिहरुले साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्नु भएको थियो । साधारण सभामा मित्र सहकारी संस्थाका प्रतिनिधिहरुको पनि सहभागिता रहेको थियो । ३० औं बार्षिक साधारण सभामा ७९.४५% अर्थात् (४०६३/५११४ जना) सदस्यहरुको उपस्थिति रहेको थियो ।**

**३० औं बार्षिक साधारण सभाले संस्थाको तर्फबाट संस्थाका सचिव श्री तुल्सीकृष्ण छुँजूले प्रस्तुत गर्नु भएको आ.व. २०८०/०८१ को बार्षिक प्रतिवेदन तथा कोषाध्यक्ष श्री रवि घजूले प्रस्तुत गर्नु भएको आ.व. २०८०/०८१ को आर्थिक प्रतिवेदन तथा आ.व. २०८१/०८२ को अनुमानित आयव्यय, लेखा परिक्षक श्री बि. आर.बि.एस. एण्ड एशोसियट्स (चार्टर्ड एकाउण्टेण्ट) बाट संस्थाका कोषाध्यक्ष मार्फत प्रस्तुत भएको आ.व. २०८०/०८१ को लेखा परिक्षण प्रतिवेदन तथा लेखा सुपरिवेक्षण समितिका संयोजक श्री कान्छा भक्त घजूले प्रस्तुत गर्नु भएको संस्थाको आ.व. २०८०/०८१ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन पारित गरिएको थियो ।**

**२. सदस्यता :**

**संस्थामा आ.व. २०८०/०८१ मा पुरुष २४२२, महिला २६६६ र संस्थागत १ वटा गरी जम्मा ५०८९ जना शेयर सदस्य तथा बाल बचतकर्ता पुरुष ४९१ र महिला ५३४ गरी जम्मा १०२५ जना बाल बचतकर्ता सहित ६११४ जना सदस्य रहेकोमा गत आ.व. २०८१/०८२ मा बाल बचतकर्ताहरुबाट नियमित बचत सदस्य हुनु भएका सहित नयाँ सदस्य २२० थप भएकोमा निधन हुनु भएका सहित ३७ जना सदस्यहरुले सदस्यता त्याग गर्नु भई आ.व.को अन्तसम्ममा बाल बचतकर्ताहरु सहित सदस्य संख्या ६२९७ जना पुगेको छ । यस अनुसार सदस्यता बृद्धि ४.५१% भएको छ ।**

| सदस्यको प्रकार | आ.व. २०८०/०८१ | | | | आ.व. २०८१/०८२ | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | संस्थागत | जम्मा | महिला | पुरुष | जम्मा |
| नियमित सदस्य | २४५६ | २२६७ | ० | ४७२३ | २५५६ | २३१७ | ४८७३ |
| जेष्ठ नागरिक सदस्य | २१० | १५५ | ० | ३६५ | २११ | १४९ | ३६० |
| संस्थागत सदस्य | ० | ० | १ | १ | ० | ० | ० |
| बाल बचतकर्ता | ५३४ | ४९१ | ० | १०२५ | ५७६ | ४८८ | १०६४ |
| जम्मा | ३२०० | २९१३ | १ | ६११४ | ३३४३ | २९५४ | ६२९७ |

**३. वित्तिय अवस्था :**

आर्थिक वर्ष २०८१/०८२ को असार मसान्तसम्ममा संस्थाको शेयर पूँजी रू. ८,८४,७२,२००।- ( रू. आठ करोड चौरासी लाख बहत्तर हजार दुई सय), जगेडा तथा अन्य कोष रू. ११,६०,१३,६१८।१५ (एघर करोड साठी लाख तेह्र हजार छ सय अठार रुपैया पन्ध्र पैसा), सदस्यहरुको बचत रू. १,१०,२२,४८,९०२।०९ (रू. एक अर्ब दश करोड बाईस लाख अरचालीस हजार नौ सय दुई रुपैया नौ पैसा), सदस्यहरुलाई प्रदान गरेको ऋण (एन.एफ.आर.एस. अनुसार समायोजन पछि) रू. ६०,९७,०६,६६५।- (रू. साठी करोड सन्तानब्बे लाख छ हजार छ सय पैसाठी), एक वर्ष भन्दा कम अवधिको वित्तीय लगानी रू. २४,२५,००,०००।- (रू. चौवीस करोड पच्चीस लाख), बैंक तथा छाता संगठनहरुमा रहेको मौज्दात रू. ४२,२४,४७,८८३।४८ (रू. बयालीस करोड चौबीस लाख सरचालीस हजार आठ सय त्रियासी रुपैया अरचालीस पैसा)। घरजग्गा सहित अन्य सम्पति रू. १,४७,३६,९८६।८८ (रू. एक करोड सरचालीस लाख छत्तीस हजार नौ सय छयासी रुपैया अठासी पैसा), अग्रीम आयकर रू. १,९७,३७,५८९।६० (रू. एक करोड सन्तानब्बे लाख सैतीस हजार पाँच सय उनानब्बे रुपैया साठी पैसा) भएको छ भने कूल सम्पति (एन.एफ.आर.एस. अनुसार समायोजन पछि) रू. १,३१,६०,१०,८४३।९६ (रू. एक अर्व एकतीस करोड साठी लाख दश हजार आठ सय त्रिचालीस रुपैया छयानब्बे पैसा) भएको छ ।

**४. सदस्य विमा तथा राहत कार्यक्रम :**

संस्थाले विगत एक दशक भन्दा अगाडी देखि नियमित रुपमा सञ्चालन गर्दै आएको "जन्म देखि मृत्युसम्म, उपकार साकोस घरघरसम्म" कार्यक्रम अन्तरगत सुत्केरी भेटघाट कार्यक्रमलाई आ.व. २०८१/०८२ मा पनि नियमितता प्रदान गरेको छ । आ.व. २०८१/०८२ मा सुत्केरी हुनु भएका जम्मा ३९ जना सदस्यहरुलाई भेटघाट गरी नवजात शिशुलाई कपडा तथा मुख हेरेको दक्षिणा बापत रू. ५००।- प्रदान गरेको छ । हालसम्म ३९ मध्ये २८ जना बाल बचतकर्ताको नाममा संस्थामा बाल बचत खाता खोली सकिएको छ ।

त्यसै गरी सोही कार्यक्रम अन्तरगत गत आ.व. २०८१/०८२ मा संस्थाका १८ देखि ६४ वर्ष सम्मका ४५८५ जना सदस्यहरुको सामूहिक विमा गरिएको छ भने संस्थाका सदस्य, सदस्यको परिवार तथा जेष्ठ नागरिक सदस्यको निधन भएको अवस्थामा संस्थाले किरिया खर्च (समवेदना) स्वरुप आर्थिक सहयोग प्रदान गर्दै आएको छ । आ.व. २०८१/०८२ मा १८ वर्ष देखि ६४ वर्षसम्मका ७ (सात) जना सदस्यको निधनमा छ जना सदस्यहरुलाई प्रति सदस्य रू. पचास हजार र एक जना सदस्य दुर्घटनामा परी निधन हुनु भएकोले रू. एक लाख सहयोग प्रदान गरिएको छ । त्यसै गरी संस्थाका १८ वर्ष मुनिका र ६४ वर्ष भन्दा माथिका २१ (एकाइस) जना सदस्यको निधनमा प्रति सदस्य रू. सात हजार र २३ (तेईस) जना सदस्यको परिवारका सदस्यहरुका निधन भएकोमा प्रति सदस्य रू. दुई हजारका दरले सहयोग प्रदान गरिएको छ ।

**५. कार्यक्रममा सहभागीता :**

संस्थाको बार्षिक कार्यक्रम अनुसार संस्थाका पदाधिकारीहरुलाई सहकारी सम्बन्धी समसामयिक विषय जानकारी गराउन तथा कर्मचारीहरुलाई आफ्नो पेशागत ज्ञान, सीप अभिबृद्धि गर्नका लागि विभिन्न तालिम, गोष्ठीहरुमा सहभागी गराउने लक्ष्य अनुसार आ.व. २०८१/०८२ मा नियामक निकाय तथा विभिन्न छाता संगठनहरुले आयोजना गरेको विभिन्न कार्यक्रमहरुमा सहभागी गराइएको छ । मिति २०८१ चैत्र ८ र ९ गते बागमती प्रदेश सहकारी संघ लि.को आयोजनामा भएको 'प्रथम बागमती प्रदेश सहकारी सम्मेलन' मा संस्थाको तर्फबाट संस्थाका अध्यक्ष जयकृष्ण दुवाल र

अधिकृत रामकृष्ण बाडे सहभागी हुनु भएको थियो । मिति २०८२ जेष्ठ १८ गते देखि २३ गतेसम्म बागमती प्रदेश सहकारी तालिम केन्द्र, भरतपुरको आयोजनामा भएको "आधारभूत सहकारी व्यवस्थापन तालिम" मा संस्थाका सञ्चालक विन्दु प्रजापतिलाई सहभागी गराइएको थियो । राष्ट्रिय सहकारी बैक लि., थिमि शाखाको आयोजनामा मिति २०८१ मसिर १२ गते भएको दुई दिने "अध्यक्ष तथा व्यवस्थापन प्रमुखको क्षमता विकास तालिम" मा संस्थाका अध्यक्ष जयकृष्ण दुवाल र व्यवस्थापक कपिल घजूलाई सहभागी गराइएको थियो । त्यसै गरी मध्यपुर थिमि नगरपालिका सहकारी शाखाको आयोजनामा भएको "ऋण सूचना केन्द्र सञ्चालनार्थ प्रवोधिकरण कार्यक्रम" मा संस्थाको तर्फबाट व्यवस्थापक कपिल घजूले सहभागिता जनाउनु भएको थियो । साथै छाता संगठनहरुको आयोजनामा भएको विभिन्न कार्यक्रमहरु तथा मित्र संस्थाहरुको साधारण सभा तथा अन्य गतिविधिहरुमा संस्थाको तर्फबाट सहभागिता जनाइएको छ ।

६. सहकारी भ्रमण :

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) को बुटवलमा २०८१ पौष ५ र ६ गते सम्पन्न भएको ३३ औं वार्षिक साधारण सभामा संस्थाका संस्थापक अध्यक्ष एवम् सल्लाहकार श्री कृष्ण बहादुर घजू सम्मानीत हुनु भएको कार्यक्रममा सहभागिता जनाउँदै नेफ्स्कूनको आयोजनामा भएको कार्यशाला गोष्ठीमा सहभागिता जनाईएको थियो । गोष्ठीमा सहकारी विभागका रजिष्ट्रार श्री पिताम्बर घिमिरेबाट 'वित्तीय सहकारी क्षेत्र, बर्तमान अवस्था, सवाल र आगामी मार्ग चित्र' तथा नेपाल राष्ट्र बैकका उप-निर्देशक श्री प्रमेश पोखरेलबाट 'वित्तीय सहकारीका सञ्चालकहरुको उपयुक्तता परीक्षण' सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

७. ३१ औं स्थापना दिवस :

संस्थाको ३१ औं स्थापना दिवस २०८१ चैत्र १२ गते मध्यपुर थिमि नगरपालिकाका नगर प्रमुख सुरेन्द्र श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । कार्यक्रममा आफ्नो मन्तव्य राख्नु हुँदै प्रमुख अतिथि नगरप्रमुख सुरेन्द्र श्रेष्ठले गत पौषमा सम्पन्न भएको मध्यपुर महोत्सबमा सहकारी संस्थाहरुले गरेको सहयोगको प्रशंसा गर्नु हुँदै मध्यपुर महोत्सबले मध्यपुर थिमि नगरपालिकालाई अन्तराष्ट्रिय स्तरमा परिचित बनाएको जानकारी दिनु भएको थियो । कार्यक्रम संस्थाका अध्यक्ष जयकृष्ण दुवालको अध्यक्षतामा भएको थियो । सो अवसरमा आफ्नो मन्तव्य राख्नु हुँदै कार्यक्रमका अतिथि मध्यपुर थिमि नगरपालिका सहकारी शाखाका प्रमुख अभयन्द्र रञ्जितकारले मध्यपुर थिमि नगरपालिकाको स्थानीय सहकारी ऐन तथा नियमावली निर्माणमा सहयोग गर्नु भएका सहकारीविद् स्वर्गीय कैलाश भक्त प्रधानाङ्ग प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्नु हुँदै नगरपालिकाले स्थानीय सहकारी ऐन र नियमावलीको कार्यान्वयनका लागि आवश्यक तीनवटा कार्यविधिहरु हालै नगरकार्यपालिकाबाट पारित गरेको जानकारी गराउनु भयो । पारित कार्यविधि मध्ये ऋण सूचना केन्द्र कार्यान्वयनका लागि अभिमुखीकरण कार्यक्रम हुने जानकारी पनि गराउनु भएको थियो ।

संस्थाका संस्थापक अध्यक्ष एवं सल्लाहकार कृष्ण बहादुर घजूले संस्था स्थापनाकालको स्मरण गर्नु हुँदै २०५१ सालमा उपकार बचत स्थापना गर्नका लागि आवश्यक २५ जना सदस्यहरु जुटाउन विभिन्न अप्ठ्याराहरुको सामना गर्नु परेको स्मरण गर्दै त्यस्तो अवस्थामा पनि संस्था स्थापनामा सहयोग गर्नु हुने संस्थापक सदस्यहरुलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो । कार्यक्रममा संस्थाका लेखा सुपरिवेक्षण समितिका संयोजक कान्छा भक्त घजू र संस्थाका संस्थापक सचिव तथा कानूनी सल्लाहकार विरेन्द्र भक्त प्रधानाङ्गले पनि आ-आफ्नो विचार व्यक्त गर्नु भएको थियो ।

कार्यक्रममा संस्थाका ७५ वर्ष पुरा भएका १८ जना जेष्ठ नागरिक सदस्यहरु, विभिन्न विश्वविद्यालयबाट स्नातक, स्नात्तकोत्तर उत्तीर्ण गर्नु हुने ५ जना सदस्यहरुलाई सम्मान गरिएको थियो । साथै मध्यपुर थिमि नगरका असहाय जेष्ठ नागरिक मध्ये वडा नं. ७ नगदेश निवासी श्री लटंलाल भत्तांलाई आजीवन मासिक भत्ता पनि प्रदान गरिएको थियो ।

**८. सहकारी प्रवर्द्धन कोष :**

सहकारी ऐन २०७४ को दफा ७० बमोजिम नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सहकारी प्रवर्द्धन कोष सचिवालयमा आर्थिक वर्ष २०८०/०८१ को लेखा परिक्षण प्रतिवेदन अनुसार सहकारी प्रवर्द्धन कोष बापत दाखिला गर्नु पर्ने रकम रू. ८६,६१२।२९ ( रू. छयासी हजार छ सय बाह्र पैसा उनान्तीस) तोकिएको खातामा जम्मा गरी सहकारी प्रवर्द्धन कोष सचिवालय, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सिहदरवार, काठमाण्डौमा जानकारी गराइएको छ ।

**९. कोपोमिस प्रणाली :**

सहकारी विभागले लागु गरेको सहकारी तथा गरिवी व्यवस्थापन सूचना प्रणालीमा आवद्ध भई नियमित रुपमा तोकिएको प्रतिवेदनहरु तथा विवरण अद्यावधिक गर्दै आएको छ । उक्त प्रणालीमा करिब ९८.३५% (५१४७/५२३३) जना) सदस्यहरुको विवरण अद्यावधिक गरिएको छ भने संस्थाको मासिक प्रतिवेदनहरु तथा अन्य विवरणहरु यसै कोपोमिस प्रणाली मार्फत नियामक निकायहरुमा पठाउने गरिएको छ ।

**१०. सम्पति शुद्धिकरण निवारण :**

सम्पति शुद्धीकरण निवारण ऐन अनुसार यस संस्थाले सीमा कारोबार सम्बन्धी प्रतिवेदन नेपाल राष्ट्र बैक, वित्तीय जानकारी इकाइमा तोकिएको ढाँचामा go-AML Syatem बाट सीमा कारोबारको प्रतिवेदनहरु पठाउँदै आएको छ । संस्थामा भएको सीमा कारोबार सम्बन्धी जानकारी प्राप्त गर्नका लागि माईक्रो बैकर नेपालको go-AML Reporting System प्रयोग गर्दै आएको छ । त्यसै गरी सम्पति शुद्धीकरण निवारण सम्बन्धी प्रतिवेदनहरु कोपोमिस प्रणालीमा पनि अद्यावधिक गर्ने गरेको छ । संस्थाको सम्पति शुद्धीकरण निवारण सम्बन्धी काम कारवाही गर्नका लागि कार्यान्वयन अधिकारी (कम्प्लायन अफिसर) नियुक्त गरी सोको जानकारी नेपाल राष्ट्र बैक वित्तीय जानकारी ईकाईमा पनि जानकारी गराएको छ ।

सहकारी विभागबाट जारी सम्पति शुद्धिकरण निवारण सम्बन्धी निर्देशन बमोजिम संस्थाका सदस्यहरुको व्यक्तिगत विवरणहरु अद्यावधिक गर्ने कार्य भई रहेको छ । गत आ.व.सम्ममा ५२३३ सदस्यहरु मध्ये ५१४७ जना सदस्यहरुको विवरण अद्यावधिक गरी सकेको छ ।

**११. प्रविधि अद्यावधिक :**

नविनतम प्रविधिको प्रयोग गरी सदस्यहरुलाई प्रभावकारी सेवा प्रदान गर्ने लक्ष्य संस्थाले लिएको छ । यसै लक्ष्य अनुसार संस्थाले आफुले प्रयोग गर्दै आएको प्रविधिमा समयानुकूल परिवर्तन गर्दै संस्थाले कोर बैकिङ्ग सिस्टम माईक्रोबैकर सिस्टममा Connect IPS मार्फत सदस्यले संस्थामा रहेको आफ्नो खातामा सिधै रकम जम्मा गर्न सकिने व्यवस्था थप गरेको छ । त्यसै गरी सदस्यहरुको व्यक्तिगत विवरणको कागजातहरु पनि कम्प्युटर प्रणालीमा नै राख्न सकिने गरी माइक्रो बैकरको विद्युतीय कागजात व्यवस्थापन प्रणाली (Electric Document Management System-

EDMS) र ऋणी सदस्यहरुलाई ऋण असुलीका सम्बन्धमा गरेको तरताकेता (फोन गरेको, एस.एम.एस. पठाएको, पत्राचार आदि) को विवरण कम्प्युटर प्रणालीमा नै हेर्न मिल्ने गरी माइक्रोबैकर सिस्टममा ऋण अनुगमन प्रणाली (Loan Followup System) थप गरी सञ्चालन गर्दै आएको छ ।

**१२. हलमा तल्ला थप :**

संस्थाको सदस्य संख्या र कारोबार रकमको बृद्धिसँगै संस्थाका कर्मचारी संख्या साथै कार्यालय सामग्रीहरु थप हुदै गएको, सदस्यहरुसँग भएको कारोबार सम्बन्धित कागजपत्रहरु लामो समयसम्म सुरक्षित राख्नु पर्ने जसको कारण संस्थामा कर्मचारी बस्न र कागजात सुरक्षित गर्न दराज, र्‍याक, फाइलिङ्ग क्याबिनेटहरु राख्न स्थान समेत अपुग देखिन थाल्यो । संस्थाको लागि आवश्यक सामाग्रीहरुको भण्डारण गर्ने स्थानको अभावमा भर्‍याङ्ग, सदस्यहरु आवतजावत गर्ने बाटोमा समेत ती सामाग्रीहरु भण्डारण गर्न बाध्य हुनु पर्‍यो र अत्यावश्यक सामानहरु यत्रतत्र भण्डार गर्दै आइरहेको थियो । जसले गर्दा आवश्यक परेको समयमा कागजात खोज्न र सदस्यहरुलाई समयमै सेवा दिन नसकिने अवस्था सृजना भयो ।

सो समस्या समाधानका लागि पटक पटक संस्थाको खाली जग्गामा नयाँ भवन निर्माण गर्ने प्रयासका बाबजुद विभिन्न कारणहरुले गर्दा भवन निर्माण कार्य स्थगित हुदै आयो । यसको विकल्पमा तालिम हलमा पुरानो भवनको तल्लासँग मिल्ने गरी तल्ला थप गर्न संस्थाको भवन निर्माण उप-समितिको मिति २०८१ चैत्र १० गतेको बैठकबाट सञ्चालक समिति समक्ष सुझाव प्रस्तुत गरेको थियो । त्यस पछि मिति २०८२ बैशाख ७ गते बसेको सञ्चालक समितिको बैठकले भवन निर्माण उप-समितिको सुझाव अनुसार हालको हल माथि अमानतमा तल्ला थप गर्ने निर्णय गरेर जिम्मेवारी दियो ।

सञ्चालक समितिको निर्णय पश्चात भवन निर्माण उप-समितिले तालिम हलमा तल्ला थप के कसरी गर्ने भन्ने सम्बन्धमा सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार, संस्थाका व्यवस्थापन समूह तथा संस्थाका अगुवा सदस्यहरुका साथै विभिन्न प्राविधिकसँग विभिन्न समयमा औपचारिक अनौपचारिक छलफल गरी प्राविधिक परामर्श सहित निर्माणका लागि भक्तपुर जिल्ला सूर्यविनायक न.पा. वडा नं. ६ मा दर्ता भएको दृष्टन्त कन्स्ट्रक्सन प्रा. लि.ले पेश गरेको ईष्टिमेट बमोजिम निर्माण गरी सम्पन्न गरियो । निर्माण कार्य सम्पन्न पछि नयाँ स्थानबाट सहज तरिकाले दैनिक कार्यहरु भई रहेको जानकारी गराउन चाहन्छु ।

**१३. पुरस्कार तथा सम्मान :**

गत वर्ष मध्यपुर थिमि नगरपालिकाको आयोजनामा ६८ औं राष्ट्रिय सहकारी दिवस प्रभातफेरी कार्यक्रमको आयोजना गरी भव्य रुपमा मनाइएको थियो । उक्त प्रभातफेरी कार्यक्रममा उत्कृष्ट सहभागीता जनाउने संस्थाहरुलाई पुरस्कृत गर्ने कार्यक्रम अनुसार यस संस्थाले पनि उत्कृष्ट सहभागिता जनाई द्वितीय पुरस्कार प्राप्त गर्न सफल भयो । सहकारी दिवसको उपलक्ष्यमा भएको प्रभातफेरी कार्यक्रम पछि भएको विशेष कार्यक्रममा मध्यपुर थिमि नगरपालिकाका प्रमुख श्री सुरेन्द्र श्रेष्ठबाट पुरस्कार प्रदान गरिएको थियो ।

**१४. विनियम पुनर्लेखन, नीति तथा कार्यविधि पुनरावलोकन :**

संस्थाको विनियम तत्कालिन सहकारी ऐन २०४८ बमोजिम तयार गरी लागू रहेको र संस्थाको विनियमका कतिपय व्यवस्थाहरु हाल लागू रहेको सहकारी ऐन र नियमावलीका व्यवस्थाहरुसँग बाभिएको तथा विनियममा रहेका प्रावधानहरुलाई समय अनुकूल तयार गर्नका लागि संस्थाको गत सम्पन्न ३० औं वार्षिक साधारण सभाको अख्तियारी बमोजिम संस्थाको विनियम पुनर्लेखन गरी अनुमोदनका लागि यस सम्मानीत साधारण सभामा पेश गरेको छ ।

त्यसै गरी संस्थाको गत सम्पन्न बार्षिक साधारण सभाले संस्था सञ्चालनका लागि आवश्यक नीति तथा कार्यविधिहरु निर्माण गर्ने तथा त्यसमा आवश्यक संशोधन सहित परिमार्जन गर्ने अख्तियारी संस्थाको सञ्चालक समितिलाई प्रत्यायोजित गरे अनुसार गत आ.ब.मा संस्थामा लागू रहेका विभिन्न सञ्चालन नीतिमा आवश्यक संशोधन, पुनर्लेखन गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

**१५. लेखा सुपरिवेक्षण समितिको सुझावको कार्यान्वयन सम्बन्धमा :**

संस्थाको गत वर्ष सम्पन्न ३० औं बार्षिक साधारण सभा मार्फत लेखा सुपरिवेक्षण समितिले विभिन्न सुझावहरु प्रस्तुत गर्नु भएको थियो । लेखा सुपरिवेक्षण समितिले संस्थामा दैनिक कारोबारका लागि उपस्थित हुने सदस्यहरुका लागि पर्याप्त स्थानको व्यवस्था गर्नका लागि दिनु भएको सुझावलाई मनन गर्दै सदस्यहरुका लागि पर्याप्त स्थान हुने गरी काउण्टर वनाएको, संस्थाको शिक्षा उप-समितिको संयोजनमा विभिन्न स्थानहरुमा सदस्य शिक्षा शिविर तथा अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गरेको, सदस्यहरुको स्वास्थ्यलाई ध्यानमा राखी सदस्यहरुको रक्तचाप परिक्षण गर्दै आएकोमा केही समय देखि उक्त कार्यलाई निरन्तरता दिन सकेको छैन । लेखा सुपरिवेक्षण समितिले यस सम्बन्धमा ध्यानाकर्षण गरेको भए पनि प्राविधिक जनशक्ति अभावका कारण उक्त कार्यक्रमलाई निरन्तरता दिन सकेको छैन ।

**१६. विभिन्न उप-समितिहरुको सक्रियतामा सम्पन्न कार्यक्रमहरु :**

**क) मध्यपुर महोत्सव :**

मध्यपुर थिमि नगरपालिकाको आयोजनामा मिति २०८१ पौष १२, १३ र १४ गते भएको "मध्यपुर महोत्सव-२०८१" लाई भव्य रुपमा सफल बनाउनका लागि नगदेश क्षेत्रगत समितिसँग समन्वय गरी नगदेशको त्वागाः टोलमा स्थानीय पेशा झल्किने गरी स्थानीय क्षेत्रमा उत्पादन हुने विभिन्न हरियो तरकारीहरुको प्रयोग गरी "हरियो तरकारीको ध्वाखा ( गेट)" निर्माण गरिएको थियो भने हरियो तरकारीको ध्वाखासँगै स्थानीय क्षेत्रमा उत्पादन भएका सहित १०० भन्दा बढी प्रकारको तरकारी प्रदर्शनी गरिएको थियो । मध्यपुर महोत्सवलाई भव्य रुपमा सफल बनाउनका लागि चपाचो क्षेत्रगत समितिसँग समन्वय गरी महोत्सबको प्रचार प्रसार कार्यमा समेत सहयोग गरेको थियो ।

**ख) बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई सहयोग**

एस.एम. अभिभावक संघ, भक्तपुरको आयोजनामा भएको कार्यक्रममा यस संस्थाको सामुदायिक विकास कार्यक्रम अन्तर्गत बौद्धिक अपाङ्गता भएका ८० जना व्यक्तिहरुलाई व्यक्तिगत सफाई सम्बन्धी सामग्रीहरु, साबुन, टुथपेष्ट र ब्रस वितरण गरिएको थियो ।

ग) साँस्कृतिक तथा सामाजिक सेवा उप-समितिः

१. जेष्ठ नागरिक सम्मान :

संस्थाको साँस्कृतिक तथा सामाजिक सेवा उप-समितिको बार्षिक कार्यक्रम अनुसार मिति २०८१ भाद्र २८ गते गुँलागाः औसी, विहिबार, कुशे औंशीका दिन पुरुष 'जेष्ठ नागरिक सदस्य सम्मान (मुख हेर्ने) कार्यक्रम' र मिति २०८२ बैशाख १४ गते, चौलागाः औसी, आईतबार मातातीर्थ औसीका दिन महिला 'जेष्ठ नागरिक सदस्य सम्मान (मुख हेर्ने) कार्यक्रम' सम्पन्न गरियो । कार्यक्रममा जेष्ठ नागरिक सदस्यहरुलाई स्थानीय परम्परा अनुसार दही, अण्डा, माछाको सगुन दिनुका साथै सबै जेष्ठ नागरिक सदस्यहरुलाई हटकेश उपहार प्रदान गरिएको थियो ।

२. त्यःछिंत्यः कार्यक्रमः

संस्थाको साँस्कृतिक तथा सामाजिक सेवा उप-समिति तथा ज्यापू महागुथि नेपाः पूर्व लागा समिति नगदेशको संयुक्त आयोजनामा योमरी पूर्णिमा तथा ज्यापू दिवसको उपलक्ष्यमा त्यःछिंत्यः कार्यक्रमको आयोजना गरियो । साँस्कृतिक बाजा तथा नृत्य सहित नगदेश परिक्रमा गरी त्यःछिंत्यः (योमरी संकलन) गरिएको थियो । कार्यक्रममा हिमचुली एकेडेमी, धुञ्चो तथा स्मल किड्स एकेडेमी, मिलरोडका विद्यार्थीहरुले साँस्कृतिक प्रस्तुतिहरु गरेका थिए ।

३. जेष्ठ नागरिक भ्रमण :

साँस्कृतिक तथा सामाजिक सेवा उप-समितिको आयोजनामा गत २०६७ साल देखि निरन्तर रुपमा आयोजना गर्दै आएको जेष्ठ नागरिक भ्रमण कार्यक्रम गत वर्ष पनि २०८१ फाल्गुण १६ गते शुक्रबार, ने.सं. ११४५ सिल्लागाः औसीका दिन काठमाण्डौं जिल्ला स्थित गोकर्णेश्वर नगरपालिकाको उत्तरगयामा सम्पन्न गरियो । उक्त कार्यक्रममा ६५ वर्ष माथिका १६५ जना जेष्ठ नागरिक सदस्यहरुको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागी जेष्ठ नागरिक सदस्यहरुले भजन किर्तन, नाचगान गरी मनोरञ्जन गर्नु भएको थियो । कार्यक्रममा संस्थाको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार, साँस्कृतिक तथा सामाजिक सेवा उप-समितिका पदाधिकारीहरु, स्वास्थ्यकर्मीको टोली तथा कर्मचारीहरुको सहभागीता रहेको थियो ।

४. सामूहिक म्ह पूजा कार्यक्रम :

यस संस्था, नृत्यनाथ बासुरी खलः तथा ज्यापू महागुथि पूर्वी लागा समिति, नगदेशको संयुक्त आयोजनामा नेपाल सम्बत् ११४५ कछलाथ्वः पारु, मिति २०८१ कार्तिक १७ गतेका दिन नगदेशको गणेश मन्दिर परिसरमा मंकाः म्ह पूजा (सामूहिक म्ह पूजा) कार्यक्रमको आयोजना गरियो । म्ह पूजा कार्यक्रममा ज्यापू महागुथि नेपाःका केन्द्रीय अध्यक्ष श्री सत्यनारायण डंगोल, संस्थाका संस्थापक अध्यक्ष एवं सल्लाहकार कृष्ण बहादुर घजू, मध्यपुर थिमि नगरपालिका वडा नं. ७ का वडाध्यक्ष कृष्ण कुमार प्रजापति, नगदेशमा गन्यमान्य व्यक्तित्वहरु सहित ५८ जनाको सहभागीता रहेको थियो ।

५. विचा (समवेदना):

संस्थाका सदस्यहरुको निधनमा विचाः (समवेदना) व्यक्त गर्न जाने नीति रहे अनुसार साँस्कृतिक तथा सामाजिक सेवा उप-समितिको संयोजनमा गत वर्ष निधन भएका २८ (अठाइस) जना सदस्यहरु प्रति श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनसँग भेटघाट गरी समवेदना व्यक्त गरिएको थियो ।

घ) युवा तथा स्वास्थ्य उप-समिति :

अ) रक्तदान कार्यक्रम :

संस्थाको ३१ औं स्थापना दिवसको अवसरमा युवा तथा स्वास्थ्य उप-समितिको संयोजनमा नव निर्वाचित स्वतन्त्र विद्यार्थी युनियन, सानोथिमि क्याम्पसको सहकार्यमा मिति २०८१ चैत्र १० गते सानोथिमि क्याम्पस हातामा रक्तदान कार्यक्रमको आयोजना गरियो ।

ङ) शिक्षा उप समिति :

१) उपकार बाल डबली तथा शैक्षिक सामाग्री वितरण :

संस्थाको बार्षिक कार्यक्रम अनुसार संस्था आवद्ध बाल बचतकर्ताहरुमा अन्तरनिहित प्रतिभा प्रस्फुटन तथा बालबालिकाहरुको बौद्धिक विकासमा सहयोग पुऱ्याउने उद्देश्यले विगत केही वर्ष अगाडी देखि ...उपकार बाल डबली कार्यक्रमÚ को आयोजना गर्दै आएको थियो । गत वर्ष पनि २०८१ फाल्गुण १० गते उपकार बाल डबली कार्यक्रम आयोजना गरियो । कार्यक्रमको उद्घाटन संस्थाका अध्यक्ष जयकृष्ण दुवालले गर्नु भएको थियो भने सल्लाहकार कृष्ण बहादुर घजूले कार्यक्रममा सहभागी बालबालिकाहरुलाई सहकारी सम्बन्धी जानकारी दिनु भएको थियो । उक्त कार्यक्रममा संस्थाका सञ्चालक समिति तथा शिक्षा उप-समितिका पदाधिकारीहरुको पनि उपस्थिति रहेको थियो । कार्यक्रममा एक जनाले पियानो संगीत, दुई जनाले कविता बाचन तथा बीस जना बालबालिकाहरुले नृत्य प्रस्तुत गर्नु भएको थियो । कार्यक्रम पश्चात् बालबालिकाहरुलाई पानी पिउने बोटल उपहार प्रदान गरिएको थियो ।

२) संस्थाको बार्षिक कार्यक्रम अनुसार सदस्यहरुलाई सहकारी सम्बन्धी तथा संस्थाको कार्यक्रम र गतिविधिहरुको जानकारी गराउन विभिन्न समयमा शिक्षा शिविर तथा अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गर्ने योजना अनुसार आ.व. २०८१/०८२ मा शिक्षा शिविर र अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको छ । संस्थाको शिक्षा उप-समितिको संयोजनमा फाल्गुण, चैत्र र जेष्ठ महिनामा शिक्षा शिविर तथा ऋण उप-समितिको संयोजनमा माघ महिनामा ऋण कारोबार गर्ने सदस्य अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो ।

च) सूचना तथा प्रकाशन उप-समिति :

संस्थाको बार्षिक कार्यक्रम अनुसार संस्थाको ३० औं बार्षिक साधारण सभामा वितरण गर्नका लागि संस्थाको बार्षिक प्रतिवेदन प्रकाशित गरिएको तथा संस्थाको ३० औं बार्षिक साधारण सभा अंकित हाते झोला खरिद गरी वितरण गरिएको थियो । त्यसै गरी विगत

एक दशक अगाडी देखि नियमित रुपमा नेपाल सम्बत नयाँ वर्षको उपलक्ष्यमा क्यालेण्डर प्रकाशन गर्दै आएकोमा गत वर्ष पनि नेपाल सम्बत ११४५ को उपलक्ष्यमा क्यालेण्डर प्रकाशित गरियो । गत वर्षको तिथिमिति पनि नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिबाट स्वीकृत गराई लिएको जानकारी गराउन चाहन्छु ।

छ) दलित उत्थान उप-समिति :

दलित तथा पिछडिएका समुदायका सदस्यहरुलाई वित्तीय साक्षरता तथा सहकारी सम्बन्धी जानकारी दिने उद्देश्यले संस्थाको शिक्षा उप-समितिको समन्वयमा मिति २०८१ मंसिर १ गते वित्तीय साक्षरता तथा सहकारी शिक्षा शिविरको आयोजना गरिएको थियो । कार्यक्रममा संस्थाका दलित समुदायका ३२ जना सदस्यहरुको उपस्थिति रहेको थियो ।

सभाध्यक्ष महोदय,

आर्थिक वर्ष २०८१/०८२ पनि सहकारी अभियानको लागि आशातित रुपमा सकारात्मक वर्ष हुन सकेन । आम सञ्चार माध्यमहरुमा सहकारी क्षेत्रमा भएका असल अभ्यासहरुको भन्दा नकारात्मक विषयहरुले स्थान पाइनै रहेको देखियो भने अर्कोतिर सहकारीहरु प्रवर्द्धन र विकासमा भन्दा पनि नियन्त्रण गर्नका लागि विभिन्न नियामक निकायहरुबाट विभिन्न निर्देशन तथा मापदण्ड जारी भएको देखिन्छ । यसले सहकारी अभियानलाई अन्यौलपूर्ण बनाएको छ ।

चालु वर्षमा सहकारी क्षेत्रमा देखिएको अन्यौलपूर्ण अवस्था तथा देशको समग्र वित्तीय क्षेत्रमा देखिएको समस्याहरु क्रमशः समाधान हुँदै जाने अपेक्षा गरी संस्थाले चालु आर्थिक वर्ष २०८२/०८३ को लागि बार्षिक कार्यक्रमहरु तयार गरेको छ । सदस्यहरुको आवश्यकता र चाहानाहरुलाई सकेसम्म सम्बोधन गर्ने र संस्थाबाट विभिन्न कार्यक्रमहरुमा मितव्यायीता अपनाउने गरी चालु आर्थिक वर्षको बार्षिक कार्यक्रम निर्माण गरिएको छ । संस्थाको सञ्चालनमा सदस्य महानुभावहरुबाट विभिन्न समयमा प्राप्त सुझावहरुलाई पनि विशेष ध्यान दिइएको छ । प्रस्तुत कार्यक्रमहरुको कार्यान्वयनमा सबै आदरणीय सदस्य महानुभावहरु लगायत सञ्चालक समिति, उप-समिति तथा कर्मचारीहरुको सक्रिय सहयोग प्राप्त हुने अपेक्षा गरेको छु ।

सभाध्यक्ष महोदय,

अब म यस संस्थाको सम्मानीत ३१ औं बार्षिक साधारण सभा समक्ष संस्थाको चालु आर्थिक वर्ष २०८२/०८३ को बार्षिक कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१) विगत वर्षहरुमा जस्तै संस्था सञ्चालन र विकासमा योगदान पुऱ्याउनु हुने सदस्यहरु, उत्कृष्ट कारोबार गर्ने सदस्य महानुभावहरुलाई सम्मानीत तथा पुरस्कृत गरिनेछ ।
२) संस्थाको आर्थिक वर्ष २०८१/०८२ को बार्षिक लेखा परिक्षण प्रतिवेदन अनुसार शेयर लाभांश कोषमा रहेको रकमबाट साधारण सभाले अनुमोदन गरे पश्चात् शेयर लाभांश तथा सदस्यहरुले संस्थामा गरेको बचत र ऋणको कारोबारको आधारमा संरक्षित पूँजी कोषमा रहेको रकम वितरण गरिनेछ ।
३) संस्थाको लोकप्रिय कार्यक्रम "जन्मदेखि मृत्युसम्म, उपकार साकोस घरघरसम्म" कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता प्रदान गरिनेछ । जस अन्तरगत सदस्य सुत्केरी हुँदा गरिदै आएको सुत्केरी भेटघाट कार्यक्रमलाई निरन्तरता प्रदान गर्नेछ र सुत्केरी सदस्यको शिशुलाई उपहार स्वरुप एक सेट कपडा (लुगा) तथा मुख हेरे बापत रु. पाँच सय प्रदान गरिनेछ ।

संस्थाले नियमित बचत सदस्यहरुको सहभागितामा (१८ देखि ६४ वर्षसम्मका सदस्यहरु सहभागी हुने गरी) सञ्चालन गरेको सदस्य राहत (किरिया खर्च) रकम रू. ५०,०००।- लाई चालु वर्षमा पनि यथावत कायम गरिनेछ र संस्थाका जेष्ठ नागरिक सदस्य तथा बाल बचतकर्ताहरु परलोक भएमा प्रदान गर्दै आएको राहत सहयोग रू. ७,०००।- प्रदान गरिनेछ । त्यसै गरी संस्थाका सदस्यको परिवारका सदस्य परलोक भएमा संस्थाबाट प्रदान गर्दै आएको रू. २,०००।- राहत सहयोगलाई पनि निरन्तरता प्रदान गरिनेछ ।

सदस्य विरामी भई अस्पताल भर्ना हुनु पर्ने अवस्थामा संस्थाको ऋण नीति बमोजिम तीन महिना सम्म विना व्याज रू. ३०,०००।- (रू. तीस हजार) सम्म ऋण प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४) संस्थाको सदस्य संख्या आगामी आर्थिक वर्षको अन्तमा ६६०० पुऱ्याइने लक्ष्य रहेको छ । विशेष अवसरहरुमा सदस्यता शुल्क, संस्था विकास शुल्क तथा कल्याणकारी शुल्क छुट सदस्यता कार्यक्रम सञ्चालन गरिने छ । संस्थामा सदस्यता प्राप्त गर्न सजिलो बनाउनका लागि सदस्यहरुको क्षमता र चाहना अनुसार न्यूनतम शेयर तथा बचत रकमबाट घरदैलोमा नै सदस्यता प्रदान गर्ने व्यवस्था गरिनेछ ।

५) संस्थाका १८ देखि ३५ वर्षसम्मका सदस्यहरुले कुनै पनि व्यापार व्यवसाय सञ्चालन गर्नका लागि ऋण माग गरेमा रू. ३० लाखसम्म सहुलियत व्याज दरमा ऋण प्रदान गरिनुका साथै एक वर्षसम्म निःशुल्क स्मार्ट मोबाईल बैकिङ्ग सेवा उपलब्ध गराईनेछ । साथै कृषि व्यवसायमा संलग्न किसान दाजुभाइ दिदीबहिनीहरुले कृषि औजार खरिदका लागि लिएको रू. दुई लाखसम्मको ऋणमा तीन महिनासम्मको व्याज मिनाहा गरिनेछ ।

६) संस्थाका पदाधिकारीहरुको क्षमता अभिबृद्धि गर्नका लागि आवश्यक तालिम/गोष्ठीहरु सञ्चालन वा सहभागी गराईने छ । साथै संस्थामा कार्यरत कर्मचारीहरुको जिम्मेवारी अनुसारको व्यवसायिक सीप, दक्षता तथा क्षमता अभिबृद्धिका लागि बार्षिक कम्तीमा एक वटा तालिम वा गोष्ठीमा अनिवार्य सहभागी गराउने वा हुनु पर्ने व्यवस्था गरिनेछ । त्यसै गरी सदस्यहरुका लागि विभिन्न सीपमुलक आयमुलक तालिमहरु प्रदान गर्ने र व्यवसाय गर्ने सदस्यहरुलाई सहुलियत ऋण उपलब्ध गराईनेछ ।

७) सदस्यहरुका लागि संस्थाको गतिविधिहरु, सहकारी सम्बन्धी समसामयिक विषयहरु तथा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी जानकारी दिनका लागि सदस्य भेला, शिक्षा शिविर तथा अन्तरक्रिया, वित्तीय साक्षरता कार्यक्रमको आयोजना गरिने छ । संस्थाको स्थापना दिवसको अवसर पारेर क्षेत्रगत रुपमा बिस्तारित मञ्च कार्यक्रम सञ्चालन गरिने छ ।

८) संस्थाले प्रयोग गर्दै आएको कोर बैकिङ्ग प्रणालीलाई समयानुकूल नयाँ प्रविधिमा अद्यावधिक गरी चुस्त र प्रभावकारी सेवा प्रदान गरिनेछ । साथै संस्थाले सञ्चालन गर्दै आएको मोवाइल बैकिङ्ग सेवामा समयानुकूल सेवाहरु थप गर्दै लगिनेछ ।

९) संस्थाका सदस्यहरुको स्वास्थ्यलाई विशेष ध्यान दिई 'स्वस्थ सदस्य, समृद्ध उपकार' कार्यक्रम सञ्चालन गरिनेछ । संस्थाको कार्यालयमा निःशुल्क रक्तचाप (ब्लड प्रेसर) परिक्षण गर्ने र सहुलियत दरमा मधुमेह (सुगर) परिक्षण कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ । साथै नियमित रुपमा औषाधीको प्रयोग गर्नु पर्ने सदस्यहरुलाई स्वास्थ्य सेवा प्रदायक संस्थाहरु मार्फत विशेष छुटका साथ घरदैलोमा औषधी पुऱ्याउने व्यवस्था गरिनेछ ।

१०) संस्थाका बाल बचतकर्ताहरुको प्रतिभा प्रस्फुटनका लागि बार्षिक रुपमा उपकार बाल डबली कार्यक्रम सञ्चालन गर्दै आएकोमा उक्त कार्यक्रमलाई यस वर्ष पनि सञ्चालन गरिने छ ।

११) आगामी चैत्र १२ गते उपकार बचत तथा ऋण सहकारी संस्था लि. शुभारम्भ भएको ३ दशक पार भएसँगै यस अवसरमा संस्थाको ३२ औं स्थापना दिवस विविध कार्यक्रमहरु आयोजना गरी भव्य रुपमा मनाईनेछ ।

१२) संस्थाको लागि आवश्यकता अनुसार फर्निचर तथा अन्य कार्यालय सामग्रीहरुको व्यवस्था गरिनेछ ।

१३) सहकारी संस्थाहरु फरक फरक समुदायमा गठन भएको हुँदा संस्थाको आ–आफ्नै पहिचान र विशेषता रहेको हुन्छ । ती संस्थाहरुले सञ्चालन गरेका कार्यक्रमहरु, गरेका असल अभ्यासहरुको अध्ययन अवलोकन गरी उपयुक्त कार्यक्रमहरु संस्थामा पनि लागु गरी सदस्यहरुको सेवामा थप प्रभावकारीता ल्याउन, अन्तर सहकारी सहयोग तथा सद्भाव कायम गर्न सहकारी अध्ययन भ्रमण कार्यक्रमको आयोजना गरिने छ ।

१४) बचत तथा ऋण सहकारी संस्थाको केन्द्रीय संगठन नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफस्कून) तथा जिल्ला संघहरुबाट सञ्चालन हुने कार्यक्रमहरुमा निरन्तर सहभागिता जनाइनेछ ।

१५) संस्थाको भौगोलिक कार्यक्षेत्र मिल्ने सहकारी संस्थाहरुसँग एकीकरण गर्नेका लागि पहल गरिनेछ ।

१६) संस्थाका विभिन्न उप समितिहरुले आ–आफ्नो उप–समितिको कार्यक्रम तय गरी कार्यान्वयन गरिनेछ ।

यस सम्मानीत ३१ औं बार्षिक साधारण सभामा प्रस्तुत गरिएको गत आ.व. २०८१/०८२ को प्रगति प्रतिवेदन तथा चालु आ.व. २०८२/०८३ को बार्षिक कार्यक्रमहरुका सम्बन्धमा विस्तृत रुपमा छलफल गरी राय, सुझाव प्रस्तुत गरी दिनु हुन सम्पूर्ण आदरणीय सदस्यहरुमा अनुरोध गर्न चाहन्छु । साथै प्रस्तुत प्रतिवेदन तथा कार्यक्रमहरुलाई यस सम्मानीत साधारण सभाबाट पारित गरी दिनु हुनका लागि प्रस्ताव समेत गर्दछु ।

अन्तमा, सहकारिताको सिद्धान्तलाई अधिकतम रुपमा पालना गर्दै आएको गुणस्तरीय, भरपर्दो र समुदायमा आधारित सहकारी संस्था छनौट गरी पूर्ण रुपमा निर्धक्क भएर आर्थिक कारोबार गर्नु हुन अनुरोध गर्दै हाम्रो नजिक आई रहेका चाडहरु मोहनी नखः, विजया दशमी, शुभ दिपावली, स्वन्ति नखः, नेपाल सम्बत् ११४६ नयाँ वर्ष तथा छठ पर्वको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दै यो प्रतिवेदन टुंग्याउन चाहन्छु ।

धन्यवाद ! जय सहकारी !! जय उपकार !!!